**सोताङ गाउँकार्यपालिकाको**
**आ.व. २०७४/०७५ को कार्य सम्पादन विवरण**

**श्री गाउँपालिका उपाध्यक्ष ज्यू,**

**कार्यपालिका सदस्यज्यूहरु,**

**कर्मचारी मित्रहरु,**

मिति २०७४ असार १४ गते इतिहासमै पहिलोपटक भएको स्थानीय तहको निर्वाचनमा सार्वभौमसत्ता सम्पन्न जनताले "समृद्ध सोताङ, मुस्कान सहितका सोताङबासी" निर्माणको लागि आफ्नो अमूल्य मतसहित निर्माचित गरेको करिव १ वर्ष वितिसकेको छ । २०७४/०३/१८ गते सफत ग्रहण सहित आ-आफ्नो कार्यभार ग्रहणपछि विभिन्न बाधाका विच (कर्मचारी अभाव, संघ र प्रदेशको चुनाव, भौगोलिक विकटता) समृद्धसोताङको एक मात्र मन्त्र प्राप्तिका लागि अहोरात्र खटिरहदा यो वर्ष केही सम्झनलायक उपलब्धिहरु प्राप्त भएका छन् जुन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**उपाध्यक्ष ज्यू, सदस्य ज्यूहरु, एवम् कर्मचारी मित्रहरु**

पहिलो पटक २०७४/०५/१३ गते हामी जन प्रतिनिधिमा स्थानीय सरकारको अनुभूति हुने गरी विधि र प्रक्रिया पुरा गरी गाउँसभाबाट वजेट पारित गरी कार्यान्वयनको लागि अगाडी बढिरहदा तत्काल प्रमुख प्रशासकिय अधिकृतको सरुवा, प्राविधिक कर्मचारीको अभाव जस्ता कारणले कार्यसम्पादनमा तत्कालिन बाधा आइ पर्न गयो तर गाउँपालिकाले आफ्नै पहल र लगानीमा कोशी नदीमा होम पाइपको माध्यमबाट सोताङ गाउँपालिकालाई पहिलो पटक अस्थायी रुपमा भएपनि राष्ट्रिय सडक सञ्जालमा सिधा सम्पर्क गराउन सफल भएको स-गौरव जानकारी गराउँछु । "समृद्ध सोताङ निर्माणमा सोताङ कै जनशक्ति" भन्ने अभियानका साथ ३ महिने लोकसेवा आयोग तयारी कक्षा संचालन गर्‍यो जसका कारण १ जना विद्यार्थीले पहिलो चरणमा सफलता प्राप्त गर्न सफल भएको साथै लोकसेवा आयोग पढ्ने वातावरण सिर्जना गराएको छ । सोलुखुम्बु मै पहिलो पटक सोताङ गाउँपालिकाले "जनता, जनप्रतिनिधि र कर्मचारीको एकता समृद्ध सोताङ निर्माणमा हाम्रो प्रतिवद्धता" भन्ने नाराका साथ प्रथम ऐतिहासिक गाउँपालिका दिवश मनाई जेष्ठ नागरिक, कृषक, शिक्षक, कर्मचारी, स्वयम्सेविका, विद्यार्थी लगायतलाई सम्मानित एवम् पुरस्कृत गर्दै पहिलो पटक सोताङवासीहरुलाई स्थानीय सरकारको गठन भएको औपचारिक जानकारी मात्र गराइएन, सोताङको स्थानीय सरकार जन उत्तरदायी एवम् लोककल्याणकारी सरकारको रुपमा रहेको र रहने अनुभूति गराउन सफल रह्यो ।

कृषि तथा पशुलाई प्राथमिकता दिदै जनतालाई निःशुल्क विउविजन वितरण, विषादी वितरण, पशु पाठापाठी वितरण एवम् कृषकलाई विभिन्न प्रकारका तालिम संचालन गर्‍यो । लक्षित वर्गको

क्षमता विकासको लागि सिलाइ, बुँनाइ लगायतका कार्यक्रम सचालन गरियो । संस्कृतिको संरक्षणको लागि पञ्चेवाजा वितरण जस्ता कार्यक्रम संचालन गरियो । गाउँपालिकाबाट लक्षित वर्गको लागि निःशुल्क औषधि वितरण एवम् स्वास्थ्य परिक्षण गरियो । टोल, टोलमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरियो, किशोरीहरुको लागि महिनावारी सम्बन्धि विशेष चेतनामूलक कार्यक्रम विद्यालयहरुमा संचालन गरियो । गाउँपालिकाको शैक्षिक गुणस्तर वृद्धिको लागि "उचित शिक्षक, उचित विद्यालय" को अवधारण अगाडी बढाउने एवम् प्रधानाध्यापकहरुसँग विभिन्न समयमा अन्तक्रिया कार्यक्रम संचालन गरियो । ५ वटै वडा कार्यालय घर भाडामा लिएर भएपनि वडा कार्यालयबाटै कार्यसम्पादन शुरु गरियो । गाउँपालिकाबाट काठे पोललाई विस्थापन गरी फलामे पोल व्यवस्था गर्ने नीति अनुरुप फलामे पोलको खरिद गरिएको छ । "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने नाराका साथ सोलुखुम्बु जिल्ला मै पहिलो र हालसम्म एक प्रथम गाउँपालिका कप खेलकुद सम्पन्न गरियो । गाउँपालिकाका सवै विद्यालयमा यसै शैक्षिक सत्रबाट कक्षा १ बाट शिक्षणको माध्यम अंग्रेजी भाषा बनाइएको छ । गाउँपालिका र गाउँपालिका अन्तर्गतका सवै कार्यालयहरुलाई प्रविधि मैत्री बनाउन कप्युटर जडान गरियो । इन्टरनेट जडानको प्रक्रियालाई अगाडी बढाइएको छ । ग्रुप एस.एम.एस. सेवा लागु गरिएको छ । गाउँपालिकाले आफ्नै वेवसाइट निर्माण गरी सूचनालाई वेवसाइटमा अपडेट गराउने शुरुवात गरिएको छ । अडियो नोटिसको लागि प्रक्रिया अगाडी बढाइएको छ ।

**उपाध्यक्ष ज्यू, सदस्य ज्यूहरु, एवम् कर्मचारी मित्रहरु**

यो वर्ष गाउँपालिकाले सडक एवम् भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा ठूलो फड्को मारेको छ । गाउँपालिका भित्र करिव २८.५ किलोमिटरको सडक ट्रयाक ओपन कार्य यसै आ.व. भित्र सम्पन्न भएको छ । शान्ति मार्गको सोलिङ कार्य केही दिन मै सम्पन्न हुने गरी कार्य भइरहेको छ । गुम्बा निर्माण तथा मर्मत, शौचालय निर्माण तथा मर्मत, मन्दिर, भवन निर्माण तथा मर्मत, धारा निर्माण तथा मर्मत, ट्याङकी निर्माण तथा मर्मत, कुलो निर्माण तथा मर्मत, गोरेटो बाटो मर्मतका कार्यहरु एवम् विद्यालयमा फर्निचर निर्माण, तार घेरावारा एवम् प्लष्टर, शिवटार वजार ढल निर्माण जस्ता कार्यहरु उल्लेखनीय रुपमा सम्पन्न गरिएको सवैमा स-गौरव जानकारी गराउँदछु ।

**उपाध्यक्ष ज्यू, सदस्य ज्यूहरु, एवम् कर्मचारी मित्रहरु**

गाउँपालिकाले "कोहि नछुटौं, केही नछुटाउ" भन्ने नाराका साथ गाउँपालिकाका विभिन्न वास्तविक तथ्याङ्कहरु यसै आ.व.मा अध्यावधिक गराइयो, सेवा प्रवाहमा प्रभावकारिता ल्याउन गाउँपालिका भवन एवम् वडाकार्यालय भवनमा नागरिक वढापत्रको व्यवस्था गरियो । गाउँपालिकाको

साझा सम्पत्तिको रुपमा गाडी खरिद गरिएको छ । विद्युत विस्तारको लागि ट्रन्सफर्मर एवम् तारको व्यवस्था गरिएको छ । जनतालाई सेवामा वृद्धि एवम् आयमा वृद्धिको लागि निःशुल्क पिधनी, कुटनी मिल वितरण गरियो ।

**उपाध्यक्ष ज्यू, सदस्य ज्यूहरु, एवम् कर्मचारी मित्रहरु**

यस आ.व. भित्र गाउँपालिकाको लागि आवश्यक पर्ने विभिन्न २२ ओटा ऐन, नियमावली तथा कार्यविधिहरुको निर्माण गरियो । उपाध्यक्ष ज्यूको संयोजकत्वमा रहेको न्यायिक समितिमा विभिन्न प्रकृतिका ३७ वटा मुद्धा दर्ता भएकोमा ३५ वटा मुद्धाको सर्वन्यायिक फैसला गरी "जनतालाई न्याय, जनता कै घरमा" भन्ने अवधारणा लागु गराउन प्रयत्न गरियो साथै आवधिक योजना निर्माण गरिएको छ ।

**उपाध्यक्ष ज्यू, सदस्य ज्यूहरु, एवम् कर्मचारी मित्रहरु**

राजश्वको दायरा बढाइ राजश्व संकलन वृद्धि गर्दै आन्तरिक आयको वृद्धि गर्न शुरुवात गरिएको छ । विभिन्न प्रकारका प्रशासनिक खर्चहरुमा मितव्ययिता अपनाइएको छ । आर्थिक पारदर्शिता एवम् सुशासनको आधार निर्माण गरिएको छ । गाउँपालिकाको लागि निःशुल्क १५.५७ रोपनी जग्गा प्राप्त भएको छ ।

अन्त्यमा नियम, विधि र प्रक्रियाको आधारमा कार्य गर्ने परिपाटीको थालनी गर्न सकेकोमा खुसी व्यक्त गर्दछु । समृद्ध सोताङ निर्माणको लागि सहयोग गर्ने नेपाल सरकार, प्रदेश सरकार, सोताङवासी जनता, जन प्रतिनिधि साथिहरु, पत्रकार मित्रहरु सवैमा धन्यवाद छ, घर र थर विर्सी समृद्ध सोताङ निर्माणलाई रहर बनाइ २४ सै घण्टा अहोरात्र खटिरहने कर्मचारी मित्रहरु प्रति उच्च सम्मान सहित धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद**

प्रस्तोता

**बीर बहादुर राई**

सोताङ गाउँपालिका अध्यक्ष